नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

आर्थिक तथा पूर्वाधार विकास महाशाखा ८।१२।१।

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या :-

मिति :

च.नं. :-

**काठमाडौँ उपत्यकामा सवारीसाधनले गर्ने वायु प्रदूषण नियन्त्रणका कार्य प्रभावकारी बनाउने सम्बन्धमा बसेको बैठकको प्रेस-विज्ञप्ति**

काठमाडौँ उपत्यकामा सवारीसाधनले गर्ने वायु प्रदूषण नियन्त्रण (Vehicle Emission Control) का कार्य प्रभावकारी बनाउने सम्बन्धमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव महेन्द्रमान गुरुङको अध्यक्षतामा एक बैठक बस्यो। अत्यधिक मात्रामा काठमाडौँ उपत्यकामा गुड्ने सवारीसाधनले गर्दा वायुको स्तर स्वास्थ्य प्रतिकूल हुँदै गएको सन्दर्भमा तत्काल चाल्नुपर्ने कदमहरुबारे बैठकमा छलफल भयो तथा केही महत्वपूर्ण निर्णयहरु भए। काठमाडौँ उपत्यकामा भोलिदेखि नै यातायात व्यवस्था विभाग, वातावरण विभाग र ट्राफिक प्रहरी संलग्न टोलीहरुले सवारीसाधन प्रदूषण अनुगमन र कारवाही थाल्ने; दुई महिनाभित्र यातायात व्यवस्था विभागले ४० वटा Vehicle Emission Test गर्ने मेशिन खरीद गरी प्रयोगमा ल्याईसक्ने; तोकिएको मापदण्ड पूरा नगरेका सवारीसाधन चलाउन निषेधित क्षेत्रको दायरा बढाउन र ग्रीन स्टीकर (Green Sticker) को प्रयोगलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले शीघ्र सार्वजनिक सूचना प्रकाशित गर्ने; सवारीसाधनको प्रदूषण मापदण्डलाई समयानुकूल पुनरावलोकन र परिमार्जन गर्ने कार्य दुई महिनाभित्र सम्पन्न गर्ने; र आयात हुने सवारीसाधनहरुको सवारी प्रदूषण मापदण्ड पनि समयानुकूल बनाउने निर्णय बैठकले गरेको छ।

ट्राफिक प्रहरी कार्यालयले २०७४ असोज ३१ देखि मङ्सिर १२ गतेसम्म गरेको अनुगमनमा कारवाहीमा परेका जम्मा ११९४ वटा प्रदूषक सवारी साधनहरुको विवरण समेत प्रस्तुत गरिएको यस बैठकमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका सचिव, यातायात व्यवस्था विभाग, जनसंख्या तथा वातावरण मन्त्रालय, वातावरण विभाग, ट्राफिक प्रहरी महाशाखा तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

**२०७४ मङ्सिर १२ गते मंगलबार**

८।१२

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८

फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

ई–मेल : info@nepal.gov.np

वेब साइट : http://www.opmcm.gov.np